# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, कार्तिक १ गते २०२३ साल [ अतिरिक्ताङ्क ३० (क)

श्री ५ को सरकार

वन–मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको नेपाल वन सेवा (श्रेणी विभाजन, भर्ना र प्रमोशन) नियमहरू, २०२३ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

### नेपाल वन सेवा (श्रेणी विभाजन, भर्ना र प्रमोशन) नियमहरू, २०२३

नेपाल निजामतीसेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम नेपाल वन सेवा (श्रेणी विभाजन, भर्ना र प्रमोशन) नियमहरू, २०२३ रहेको छ।

(२) यो नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा :–

(क) "सेवा" भन्नाले नेपाल वन सेवा सम्झनु पर्छ,

(ख) "श्रेणी" भन्नाले सेवाको श्रेणी सम्झनु पर्छ,

(ग) "अनुसूची" भन्नाले यी नियमहरूको अनुसूची सम्झनु पर्छ,

(घ) "ऐन" भन्नाले नेपाल निजामती सेवा ऐन, २०१३ सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. सेवामा रहने श्रेणी र पदः– (१) सेवामा निम्नलिखित श्रेणीहरू रहने छन् र ती श्रेणीहरूमा अनुसूची १ मा तोकिएका पदहरू रहने छन्:–

(क) प्रथम श्रेणी,

(ख) द्वितीय श्रेणी,

(ग) तृतीय श्रेणी।

(२) सेवाका विभिन्न श्रेणीहरूका अनुसूची १ मा उल्लिखित पदहरूको संख्या श्री ५को सरकारले समय समयमा तोकेबमोजिम हुने छ।

(३) श्री ५ को सरकारले आदेशद्वारा अनुसूची १ मा आवश्यकतानुसार संशोधन गर्न सक्ने छ।

४. रिक्त पदको पूर्तिः– सेवामा रिक्त पदको पूर्ति देहायका अवस्थामा देहायबमोजिम गरिने छः–

(क) प्रथम श्रेणीको पद रिक्त भएमा द्वितीय श्रेणीका कर्मचारीहरू मध्येबाट प्रमोशनद्वारा,

(ख) द्वितीय श्रेणीको पद रिक्त भएमा तृतीय श्रेणीका कर्मचारीहरू मध्येबाट प्रमोशनद्वारा,

(ग) तृतीय श्रेणीको पद रिक्त भएमा लोकसेवा आयोगको नियमबमोजिम नयां नियुक्तिद्वारा वा नन्–गजेटेड प्रथम श्रेणीका कर्मचारीहरू मध्येबाट प्रमोशन द्वारा।

५. नयां नियुक्तिको व्यवस्थाः– (१) स्वीकृत शिक्षण संस्थानबाट वनसम्बन्धी ग्रेजुयट डिग्री वा सो सरह हासिल गरेको र नेपाल निजामती सेवा नियमावली, २०२१ बमोजिम कुनै अयोग्यता नभएको व्यक्तिमात्र सेवाको तृतीय श्रेणीमा नयां नियुक्तिको लागि योग्य भएको मानिने छ।

(२) सेवाको तृतीय श्रेणीमा नयां नियुक्ति भएका प्रत्येक कर्मचारीलाई एक वर्षको परीक्षण कालमा राखिने छ र सो अवधिमा निजले श्री ५ को सरकारबाट निर्धारित गरिएको कुनै प्रशिक्षण पूरा गर्नुपर्ने वा परीक्षा दिनुपर्ने भएमा त्यस्तो परीक्षण पूरा गरेको र परीक्षामा उत्तीर्ण भएको हुनु पर्छ।

(३) उप–नियम (२) बमोजिम परीक्षण कालमा राखिएका कुनै कर्मचारीहरूको काम सन्तोषजनक छ र निजले उप–नियम (२) मा लेखिएका शर्तहरू पनि पूरा गरेको छ भने श्री ५ को सरकारले निजको नियुक्ति सदर गर्ने छ। नियुक्ति सदर नभएका कर्मचारीहरूलाई सेवाबाट हटाइने छ।

(४) यी नियमहरू बमोजिम परीक्षण कालमा राखिएको कर्मचारीको नियुक्ति सदर भएमा सो परीक्षण कालमा रहेको अवधिलाई नोकरीको अवधिमा गणना गरिने छ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 220

६. प्रमोशनको निमित्त चाहिने योग्यता:– (१) कुनै स्वीकृत शिक्षण संस्थाबाट वनसम्बन्धी घटीमा २ वर्षको कोर्श पास गरी डिप्लोमा पाएको र नन्–गजेटेड प्रथम श्रेणीको पदमा घटीमा ५ वर्ष काम गरेको नभै कुनै व्यक्ति नन्–गजेटेड प्रथम श्रेणीबाट तृतीय श्रेणीमा प्रमोशन पाउन योग्य मानिने छैन ।

(२) कुनै स्वीकृत शिक्षण संस्थाबाट वनसम्बन्धी ग्रेजुयट डिग्री अथवा सो सरह मान्यता पाएको डिप्लोमा प्राप्त गरी सेवाको तृतीय श्रेणीमा कम्तीमा ५ वर्ष काम गरेको नभै कुनै व्यक्ति सेवाको तृतीय श्रेणीबाट द्वितीय श्रेणीमा प्रमोशन पाउन योग्य मानिने छैन ।

(३) कुनै स्वीकृत शिक्षण संस्थाबाट वनसम्बन्धी घटीमा ग्रेजुयट डिग्री अथवा सो सरह मान्यता पाएको डिप्लोमा प्राप्त गरी कम्तीमा १० वर्ष सरकारी नोकरी गरेको र सेवाको द्वितीय श्रेणीमा कम्तीमा ५ वर्ष काम गरेको नभै कुनै व्यक्ति सेवाको द्वितीय श्रेणीबाट प्रथम श्रेणीमा प्रमोशन पाउन योग्य मानिने छैन ।

(४) यो नियम प्रारम्भ हुँदा श्री ५ को सरकारको वन सेवामा प्रवेश गरिसकेका डी.डी. आर, योग्यता प्राप्त गरेका व्यक्तिले आफूले पाइराखेको दर्जानीले पाइने श्रेणीमा माथि उप–दफा (२) र (३) बमोजिम नोकरी वर्ष पूरा भए .. प्रमोशन पाउन बाधा पुऱ्याउने छैन ।

(५) कुनै पनि डी. डी. आर. पासवालाले तोकिएको ए. आई. एफ्. सी. वा सो सरहको योग्यता हासिल नगरेसम्मका लागि साधारणतया आफू बहाल रहेको पदभन्दा माथिल्लो श्रेणीको पदमा प्रमोशन पाउने छैन । का. मु. भै माथिल्लो श्रेणीको पदको काम गराउन यसले बाधा पुऱ्याउने छैन ।

तर, श्री ५ को सरकारलाई त्यस्ता डी. डी. आर. पासवालालाई आफ्नो श्रेणीको पदभन्दा माथिल्लो श्रेणीको पदको काम सम्हाल्न विशेष रुपले योग्य छ भन्ने लागेमा त्यस्ता लाई क्रमशः द्वितीय र प्रथम श्रेणीमा प्रमोशन पाउन बाधा हुने छैन ।

७. प्रमोशन समिति:– (१) सेवाको प्रथम श्रेणीमा द्वितीय श्रेणीका कर्मचारीहरू मध्येबाट प्रमोशनको लागि सिफारिश गर्ने देहायबमोजिमको एउटा प्रमोशन समिति रहने छ:–

(क) लोकसेवा आयोगको अध्यक्ष वा निजले मनोनीत गरेको लोकसेवा आयोगको एकजना सदस्य — अध्यक्ष

(ख) श्री ५ को सरकारको सचिव वन–मन्त्रालय — सदस्य

(ग) श्री ५ को सरकारका अरू कुनै एकजना सचिव — सदस्य

समितिले चीफ कन्जरभेटरलाई सल्लाहकारको रूपमा समितिमा राख्ने छ ।

(२) सेवाको द्वीतीय श्रेणीमा तृतीय श्रेणीका कर्मचारीहरू मध्येबाट प्रमोशनकोलागि शिफारिश गर्ने देहायबमोजिमको एउटा प्रमोशन समिति रहने छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) लोकसेवा आयोगको अध्यक्ष वा निजले मनोनीत गरेको लोकसेवा आयोगको एकजना सदस्य — अध्यक्ष

(ख) श्री ५ को सरकारका सचिव वन–मन्त्रालय — सदस्य

(ग) चीफ कन्जरभेटर — सदस्य

(३) नन्–गजेटेड प्रथम श्रेणीका कर्मचारीहरू मध्येबाट सेवाको तृतीय श्रेणीमा प्रमोशनको लागि सिफारिश गर्ने देहायबमोजिमको एउटा प्रमोशन समिति रहने छः–

(क) लोकसेवा आयोगको अध्यक्ष वा निजले मनोनीत गरेको लोकसेवा आयोगको एकजना सदस्य — अध्यक्ष

(ख) श्री ५ को सरकारको सचिव वन–मन्त्रालय — सदस्य

(ग) चीफ कन्जरभेटर — सदस्य

(४) उप–नियम (१),(२)र (३)अन्तर्गत गठित समितिहरूले आफ्नो कार्य-विधि लोकसेवा आयोगको सिद्धान्तको अधीनमा रही आफैले नियमित गर्न सक्ने छ ।

८. प्रमोशन समितिले जांच्ने तरीका:–(१) नियम ७ बमोजिम गठित प्रमोशन समितिले प्रमोशनका सम्बन्धमा देहायका कुराहरूको विचार गर्नुपर्छः–

(क) सिनियोरिटी,

(ख) कामसम्बन्धी गोप्य रिपोर्ट,

(ग) जम्मा नोकरी वर्ष र कति वर्ष कुन कुन ठाउँ र पदमा काम गरेको, र

(घ) शैक्षिक योग्यता,

(ङ) विभागीय सिफारिश ।

(२) उप–नियम (१) मा लेखिएका कुराहरूले मात्र पर्याप्त नसम्झेमा समितिले सम्बन्धित कर्मचारीहरूको अन्तर्वार्ता गर्न सक्ने छ ।

(३) उप–नियम(२) मा उल्लेख गरिएका सबै कुराहरू उपर विचार गरी र उप–नियम (२) बमोजिम अन्तर्वार्ता गरिएकोमा त्यसको समेत आधारमा समितिले योग्यायोग्य छुट्याई प्रमोशनको लागि योग्य उम्मेदवारहरूको नाम योग्यताको क्रमानुसार सिफारिशसाथ श्री ५ को सरकारछेउ पठाउने छ ।

(४) सिनियोरिटीको क्रम नघाई समितिले प्रमोशनको क्रम निर्धारित गरेमा नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ८ को उप–दफा (२) को खण्ड (क) वा(ख)बमोजिम पर्याप्त कारणसमेत सिफारिशमा उल्लेख गर्नुपर्छ ।

९. सिनियोरिटी:– प्रत्येक श्रेणीका कर्मचारीहरूको आपसमा सिनियोरिटी कायम गर्दा निजहरूलाई सो पदमा नियुक्ति वा प्रमोशन गर्ने गरी श्री ५ को सरकारले निर्णय गरेको मितिले कायम गरिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तरः-(क) एकै मितिमा प्रमोशनको निर्णय भएकाहरूको हकमा निजहरूले एक तह मुनिको पदमा काम गरेको अवधिको आधारमा सिनियोरिटी कायम गर्नुपर्छ,

(ख) एकै मितिमा नियुक्तिको निर्णय भएकाहरूको हकमा लोकसेवा आयोगले सिफारिश गरेको योग्यता क्रमानुसार सिनियोरिटी कायम गर्नुपर्छ।

१०. कर्मचारीको कर्तव्यः–(१) यी नियमहरू बमोजिम प्रमोशनको निमित्त छानिन सक्ने योग्यता पुगेका प्रत्येक कर्मचारीले श्री ५ को सरकारले मागेको बखत आपनो विवरण अनुसूची २ मा तोकिएको ढांचाको फाराममा भरी सम्बन्धित अड्डा प्रमुख वा विभागीय प्रमुखका समक्ष दाखिल गर्ने वा पठाउन पर्छ।

(२) उप–नियम (१) बमोजिम मागिएको विवरण उचित समयमा पेश नगर्ने कर्मचारीको सम्बन्धमा प्रमोशनसम्बन्धी विचार गर्न समिति बाध्य हुने छैन।

(३) उप–नियम (१) बमोजिम प्राप्त विवरण सम्बन्धित सचिवले ७ दिनसम्ममा समितिको अध्यक्षकहां पठाउनु पर्छ।

(४) जानी जानी झुट्ठा कुरा लेखी वा फरक पारी विवरण पेश गर्ने कर्मचारीले अनुशासन हीन काम गरेको मानिने छ।

११. अड्डा प्रमुख र विभागीय प्रमुखको कर्तव्यः– नियम १० बमोजिम विवरण पेश हुन आएपछि सो विवरणमा लेखिएको कुरामा आफूले जानेसम्म कुरा सांचो झूठो के छ सो र अरू आफूकहां देखिएको यथार्थ कुरा खुलाई विभागीय सिफारिशसहित विवरणपत्र पेश गर्ने कर्मचारीको कामसम्बन्धी गोप्य रिपोर्टहरू समेत सामेल राखी सम्बन्धित अड्डा प्रमुख वा विभागीय प्रमुखहरूले सो विवरण आफूकहां दाखिल भएका ७ दिनभित्र श्री ५ को सरकारको वन सचिव छेउ पठाउनु पर्छ र सोबमोजिमको विवरण पुगेपछि वन सचिवले पनि त्यस कर्मचारीसम्बन्धी आफूकहां भएका कुरा लेखी राख्नुपर्छ।

१२. विवरण पेश नभएमा पनि प्रमोशन नरोकिनेः– कुनै उम्मेदवारको यी नियमहरू बमोजिम दाखिल हुनुपर्ने सबै विवरण म्यादभित्र दाखिल नभए पनि निजका सम्बन्धमा दाखिल हुन आएको विवरण पर्याप्त छ भन्ने लागेमा प्रमोशनको निमित्त निजको हकमा पनि विचार गर्न प्रमोशन समितिलाई कुनै बाधा हुने छैन।

१३. बचाउः– (१) यी नियमहरूमा लेखिएको कुनै कुराले निजामती सेवा ऐन, २०१३ को दफा ८ को उप–दफा (३) र निजामती सेवा नियमावली, २०२१ को नियम ३,३ बमोजिम विशिष्ट पदको प्रमोशन गर्ने कुरामा बाधा पुऱ्याएको मानिने छैन।

(२) उप–नियम (१) मा लेखिएदेखि बाहेक अन्य कुरामा यी नियमहरूमा लेखिए-जतिमा यी नियमहरू बमोजिम र यी नियमहरूमा नलेखिएकोमा निजामती सेवा नियमावली, २०२१ बमोजिम हुने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
222

## अनुसूची १

### (नियम ३ सम्बन्धित)

| प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
| --- | --- | --- |
| चीफ कन्जरभेटर,<br>सहायक चीफ कंजरभेटर,<br>कन्जरभेटर,<br>सहायक सर्भे चीफ,<br>फरेष्ट डेभलपमेन्ट,<br>अफिसर, फरेष्ट<br>युटिलाइजेशन अफिसर | फोटो ग्रमेटिष्ट, ने<br>फ. ई. को प्रिन्सिपिल, फरेष्ट<br>एडमिनिष्ट्रेशन अफिसर, इन्भेण्टरी<br>स्पेशलिष्ट, डी. एफ. ओ. वर्किङ<br>प्लान अफिसर, मेन्सुरेशनिष्ट,<br>वाइल्ड लाइफ अफिसर, स्वायल<br>साइण्टिष्ट, म्यानेजमेण्ट स्पेशलिष्ट,<br>कार्टोग्राफर, लाण्ड यूज अफिसर | एटाच्ड अफिसर, इन्स्ट्रक्टर<br>नेपाल फरेष्ट इन्ष्टिच्यूट,<br>क्रुलिङर,<br>एफोरेष्टेशन अफिसर,<br>एसिष्टेण्ट वर्किङ प्लान<br>अफिसर, स्वायल केमिष्ट,<br>स्वायल प्रीजरभेशन कम<br>पब्लिसिटी लायजो अफिसर,<br>जुनियर मेन्सुरेशनिष्ट, |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची २
### (नियम १७ सम्बन्धित)

१. नोकरी गरेको जम्मा वर्ष ।

२. विभिन्न अफिसमा बहाल रही कुन हैसियतको काम गरेको, त्यसको विवरण ।

३. योग्यता ।

४. हाल कुन पदमा बहाल रहेको ।

५. उमेर ।

६. उम्मेदवारले लेख्न चाहेको अरू कुनै कुराको विवरण ।

कर्मचारीको सहीः—
मितिः—
अड्डा वा विभागको नामः—

आज्ञाले—
कृष्णबहादुर देउजा
श्री ५ को सरकारको का. मु. सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।